

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com



अनिवार्यरूपमा मास्क लगाऔं, सेवाग्राहीलाई अनिवार्यरूपमा मास्क लगाउन सुसूचित गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ जेठ १६ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 May 30 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २७१


## निषेधाज्ञामा खानेतेल र दालको दाम अकासियो

राधेश्याम पटेल, परवानीपुर, १५ जेठ/

वैशाख १६ गतेदेखि पर्सा जिल्लामा निषेधाज्ञा जारी भएपछि बजारमा खाद्यान्न सामग्रीमा सबैभन्दा बढी मूल्यवृद्धि भएको वस्तु हुन्– खानेतेल र दाल ।

वीरगंजसँगै देशका अन्य ठाउँमा खानेतेल, दाल र चामलको मूल्य अचाक्ली वृद्धि भएर उपभोक्ता मारमा परेका छन्। कमजोर सरकारी अनुगमन तथा सम्बन्धित निकायको उदासीनताको कारण उद्योगी–व्यवसायीले खानेतेल, दाल र चामलको मूल्यवृद्धि गरी मालामाल भएको उपभोक्ताहरूको गुनासो छ । पोहोरको कोरोना महामारीमा तोरीको तेल रु १५० प्रतिलिटर थियो तर अहिले २ सय ५० मा बिक्री भइरहेको छ । सोयाबिन तेल गत वर्ष रु १४० प्रतिलिटरमा बिक्री भएको थियो। अहिले रु २४० प्रतिलिटरमा बिक्री भइरहेको छ। त्यसैगरी, सनफ्लावर गत वर्ष रु १५० प्रतिलिटरमा बिक्री भएको थियो भने अहिले प्रतिलिटर रु २६० मा बिक्री भइरहेको वीरगंजका खुद्रा पसलेहरूले बताएका छन् । वैशाखयता बजारमा खानेतेलको अभाव भएको बहानामा थोक विक्रेताले तेलको दाम बढाएका हुन् । वैशाखयता उद्योगी र थोक विक्रेताले नै प्रतिलिटर रु २० देखि ४० सम्म मूल्यवृद्धि गरेका छन् ।

त्यसैगरी, दालको मूल्य पनि पहिलेको तुलनामा अस्वाभाविकरूपमा वृद्धि भएको उपभोक्ताले गुनासो गरेका छन् । गत वर्ष मसुरको दाल प्रतिकिलो खुद्रामा रु १२० थियो भने त्यही दाल अहिले रु १४० पुगेको छ। रु १४० को रहर दाल अहिले रु १६० पुगेको छ। मासको दाल गत वर्ष रु दुई सय प्रतिकिलो थियो भने अहिले रु २२० खुद्रामा बिक्री बिक्री भइरहेको छ। त्यसैगरी, चामलमा कतर्नी किलोमा रु १० मूल्यवृद्धि भएको उपभोक्ताहरूले बताएका छन् । राम्रो खाले कतर्नी (जीरा मसिनो) चामल अहिले प्रतिकिलो रु ७० र दुई नम्बर प्रतिकिलो रु ६० मा बिक्री भइरहेको छ ।

बजारमा खाद्यान्न सामग्रीमध्ये खानेतेल र दालको मूल्य लगातार बढ्नुमा दुईवटा कारण छन् । एउटा कोरोना महामारीमा कच्चा पदार्थको मूल्य बढ्नु र अर्को उद्योगी–व्यवसायीको मनपरी । सरकारी पक्षले अनुगमन तथा मूल्य बढाउने उद्योगी–व्यवसायीलाई कारबाई नगरेपछि उद्योगी–व्यवसायीको मनोमानी बढेको उपभोक्ताहरूको गुनासो छ। एक वर्षमा एक लिटरमा सय रुपैयाँसम्म खानेतेलमा मूल्य बढ्नु जनता राज्यविहीन भएको उपभोक्ता हकहित संरक्षण मञ्च वीरगंजका अध्यक्ष अजित भुजेल बताउँछन् ।

वीरगंस्थित खाद्यान्न सामग्री उत्पादन गर्ने रूँगटा समूहका ओम चावो बिरो इन्डस्ट्रिज प्रालिका सञ्चालक सुरेश रूँगटा अन्तर्राष्ट्रिय बजारमा खानेतेल, दाल, गेंडागुडीको मूल्य बढेको बताउँछन्।




कोरोनामा जोखिम लिएर महँगोमा कच्चा पदार्थ आयात गरी उद्योग चलाएको र खर्च जोडेर न्यायोचित मूल्यमा बिक्री गरेको बताउँछन् । निकै कम मुनाफा जोडिएको उनको स्पोष्टोक्ति छ। उनले उद्योगले खर्च काटेर १० देखि २० रुपैयाँभन्दा बढी मुनाफा नलिएको तर खुद्रा पसलेहरूले आफूखुशी उपभोक्ताको ढाड सेकिरहेको उनको आरोप छ। उनले भटमासको कच्चा तेल पहिले अन्तर्राष्ट्रिय बजारमा प्रतिटन १५ सय अमेरिकी डलर थियो तर अहिले घटेर १४ सय डलर पुगेको छ । उनले पोहोर उद्योगले प्रतिलिटर १२५ रुपैयाँमा सोयाबिन तेल बेचेको थियो भने अहिले प्रतिलिटर रु २२० मा १३ प्रतिशत मूअक जोडेर बिक्री गरिरहेको बताए । त्यसैगरी, तोरीको कच्चा तेल पोहोर प्रतिटन १२ सय डलरमा आयात हुन्थ्यो भने अहिले १५ सय डलर पुगेको छ। पोहोर १७० रुपैयाँ प्रतिलिटर बेचेको सो तेल अहिले रु २४० मा बिक्री भइरहेको बताए। सनफ्लावरको कच्चा तेलको दाम बढेको छैन । गत वर्ष र अहिले प्रतिटन १५ सय डलर रहेको उनले बताए। गत वर्ष प्रतिलिटर रु १५० मा सनफ्लावर तेल बिक्री भएको थियो भने अहिले रु २४० मा मूअक जोडेर बिक्री भइरहेको छ । भारतले पाम तेलको निकासी रोकेपछि स्वदेशी बजारमा मात्र बिक्री हुन्छ। स्वदेशमा गत वर्षका उत्पादन अहिले पनि बिक्री भइरहेको उनले दाबी गरे। गत वर्ष रु ११० प्रतिलिटरमा पाम तेल बिक्री भएको थियो भने अहिले प्रतिलिटर रु १७५ मा बिक्री भइरहेको छ । पाम तेलको कच्चा तेल प्रतिटन ७ सय डलर थियो भने अहिले ११ सय डलर पुगेको उनले बताए ।

नेपालमा कतर्नी चामलको दाम बढ्नुमा नेपाली स्वदेशी उद्योग आंशिकरूपमा मात्र चलेका र भारतीय बजारबाट हुने अवैध पैठारी निषेधाज्ञाले कम भएपछि स्वदेशी बजारमा चामलको दाम बढेको बताइन्छ । दालको कच्चा पदार्थको दाम पनि अन्तर्राष्ट्रिय बजारमा बढेकाले मूल्य बढेको उद्योगीहरूको भनाइ छ ।

सोयाबिन तेल भारत निर्यात भएपछि नेपाली बजार प्रभावित भएको र विदेशबाट कच्चा तेल ल्याएर प्रशोधन गरी भारत निर्यात गर्ने क्रम बढेपछि नेपाली बजारमा खानेतेलको अभाव भएकाले मूल्यवृद्धि भएको उद्योगीहरू बताउँछन् ।

मलेसिया, ब्रजील, अमेरिका, क्यानडाबाट भटमासको कच्चा तेल (क्रुड आयाल) आयातमा १० प्रतिशत मात्र नेपाल सरकारले भन्सार पैठारी महसूल लिने गरेको छ । जबकि भारतमा स्वदेशी किसानको उपजलाई प्राथमिकता दिन र उनीहरूको उपज महँगोमा बिक्री होस् भनेर भारत सरकारले आयातमा ४० प्रतिशत भन्सार महसूल निर्धारण गरेको छ । विदेशबाट कच्चा तेल आयात गरी नेपाली उद्योगले प्रशोधन गरी भारतमा निर्यात गर्दा निकासी कर शून्य छ । अर्को यहाँका उद्योगीहरूलाई फाइदा के छ भने निर्यात गर्दा तिरेको १० प्रतिशत भन्सार महसूल पनि फिर्ता हुन्छ । अर्थात् नेपाली स्वदेशी उद्योगले शून्य दरमा कच्चा तेल आयात गरी प्रशोधन गरी भारततर्फ पठाइरहेका छन् । तर त्यही तेल नेपालमा बिक्रीको लागि पठाउँदा आयात गरेको १० प्रतिशत भन्सार महसूल र १३ प्रतिशत मूअकले गर्दा महँगो हुन्छ । अर्थात् उद्योगले २२० रुपैयाँमा भारतमा तेल निकासी गरिरहेको छ भने त्यही तेल स्वदेशमा बेच्दा लिटरमा ५० रुपैयाँ उद्योगलाई घाटा पर्न जान्छ । त्यसैले उद्योगीहरू स्वदेशमा खानेतेल बेच्नुभन्दा भारतको बिहार, उत्तर प्रदेश, पश्चिम बङ्गाल, गुजरात, राजस्थानमा खानेतेल निर्यात गर्न अग्रसर छन् ।

## वर्षाले पर्साको ग्रामीण भेगको जनजीवन प्रभावित

प्रस, सेढवा, १५ जेठ/

विगत चार दिनदेखि परेको बेमौसमी वर्षा र हावाहुरीका कारण पर्साको ग्रामीण जनजीवन प्रभावित भएको छ।



अविरल वर्षाले खेतमा जमेको पानी। तस्वीरः प्रतीक

गत बुधवारदेखि तीव्र गतिमा चलेको हावाका साथै वर्षाका कारण ग्रामीण भेग प्रभावित भएको हो। यो अवधिमा किसानले सिंचाइका लागि कुलो पैनी निर्माण गर्न सकेका छैनन् । त्यस्तै, किसानले खेतको आलीको सरसफाइ गरी पुनः नयाँ आली बाँध्ने काम पनि गर्न सकेका छैनन्। खेत सुक्खा गरी खनजोत गर्ने समयमा परेको बेमौसमी वर्षाका कारण अहिले खेतहरू जलमग्न भएका छन् ।

त्यस्तै, पानीले ग्रामीण सडकहरू हिलाम्य भएका छन् र आवागमन प्रभावित भएको छ । वीरगंज–ठोरी, जनता सडक, थरुहट सडकखण्डमा कतै पानी जमेको छ भने कतै खाल्डाखुल्डी परेको छ । कच्ची सडकहरू हिलाम्य भएर आवातजावत प्रभावित भएको छ। निषेधाज्ञाको कारण छिटपुट सवारीसाधनहरू सञ्चालन भएकाले त्यत्ति असर परेको छैन। तर यसबाहेक सो सडकखण्डबाट आवतजावत गर्नेहरू भने पानीले सडक बिग्रिएकाले समस्या भएको बताउँछन् । जगरनाथपुर गाउँपालिका–२ का अजय दासले हिलो भएको सडकबाट आवतजावत गर्न समस्या भएको बताए। लगातारको वर्षाले यस क्षेत्रमा स्थानीय तह र प्रदेश सरकारद्वारा सञ्चालित योजनाका कामहरू पनि प्रभावित भएका छन् । विद्यालय भवन, सामुदायिक भवन, सडक, नालाका कामहरू प्रभावित भएको बताइएको छ ।

वर्षाका कारण ठाउँ–ठाउँमा विद्युतीय पोलहरू ढलेर विद्युत् आपूर्ति ठप्प भएको छ। यसैगरी, इन्टरनेट सेवा पनि प्रभावित बन्न पुगेको छ । इन्टरनेट र विद्युत् अवरुद्ध भएकाले अनलाइन कक्षा लिने विद्यार्थीहरू पनि कक्षा लिनबाट वञ्चित भएका छन् ।

## रेडक्रसद्वारा बारा, पर्सालाई स्वास्थ्य सामग्री

प्रस, वीरगंज, १५ जेठ/

नेपाल रेडक्रस सोसाइटी प्रदेश नं २ ले पर्सा, बारा शाखा र जिल्ला प्रशासन कार्यालय बारालाई कोभिड–१९ बाट जोगिने स्वास्थ्य सामग्रीहरू हस्तान्तरण गरेको छ ।




नेपाल रेडक्रस सोसाइटी प्रदेश नं २ का अध्यक्ष फूलमहम्मद मियाँले नेरेसो पर्साका सभापति वीरेन्द्रराज कँडेललाई शाखा कार्यालय वीरगंजमा सर्जिकल मास्क २८ हजार थान, एन–९५ मास्क १५ सय थान, व्यक्तिगत सुरक्षा सामग्री (पिपिई) ३५ थान हस्तान्तरण गरेका थिए।

प्रदेश अध्यक्ष मियाँले जिल्ला कोभिड–१९ सङ्कट व्यवस्थापन केन्द्र बाराका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेललाई १० हजार थान सर्जिकल मास्क र ५० सेट व्यक्तिगत सुरक्षा सामग्री (पिपिई) हस्तान्तरण गरेका थिए । उनले नेरेसो बारा शाखालाई २३ हजार थान सर्जिकल मास्क, १ हजार थान एन–९५ मास्क र १५ थान व्यक्तिगत सुरक्षा सामग्री हस्तान्तरण गरेको पर्सा रेडक्रसका सहायक राजन श्रीवास्तवले बताए ।

सो अवसरमा अध्यक्ष मियाँले कोरोना कहरमा प्रदेशका आठवटै जिल्लामा स्वास्थ्य सामग्री सहयोग गर्ने जानकारी गराए । बाराका प्रजिअ पौडेलले महामारीको समयमा रेडक्रसले गरेको सहयोगको सराहना गरे । उनले मानवीय सेवामा रेडक्रसको योगदानको चर्चा पनि गरे ।

हस्तान्तरण कार्यक्रममा प्रदेश रेडक्रसका कोषाध्यक्ष दिव्यनाथ श्रेष्ठ, मन्त्री धीरेन्द्र यादव, बाराका सप्रजिअ उदय नेपाल, शैलेन्द्र प्रसाद, सन्तोष नेपाललगायतको सहभागिता थियो ।

## लगातारको वर्षाले ठोरीमा खानेपानीको समस्या

प्रस, ठोरी, १५ जेठ/

गत बुधवारदेखि परेको अविरल वर्षाका कारण पर्साको ठोरी गापा–४ मा खानेपानीको समस्या भएको छ । वर्षाका कारण खानेपानीको मुहान भत्किएपछि ठोरी गापा–४ निर्मलबस्तीका बासिन्दालाई खानेपानीको समस्या परेको हो। धारामा पानी नआएपछि स्थानीयलाई पिउन र गाईवस्तुलाई पानी खुवाउन समस्या परेको छ।



क्षतिग्रस्त खानेपानी मुहान र पाइपको मर्मत गर्दै। तस्वीरः प्रतीक

स्थानीयले पर्सा राष्ट्रिय निकुञ्जको कोर क्षेत्रमा रहेको पानीको मुहानबाट पाइपलाइनमार्फत ल्याइएको पानी खानेपानीको रूपमा उपभोग गर्दै आइरहेका छन्। वडा नं ४ मा रहेको नेपाली सेनाको निर्मलबस्ती पोस्टबाट करीब ५ किलोमिटर उत्तरतर्फ पर्सा राष्ट्रिय निकुञ्जभित्र खानेपानीको मुहान रहेको किनाराको भाग बर्सेनि वर्षा शुरू भएसँगै पानीले भत्काउने गरेको छ । यस वर्ष सोही समस्याका कारण ठोरी गापाले मुहान मर्मत गर्न र पक्की पर्खाल लगाउन रु ७ लाख ५० हजार बजेट


(बाँकी तेस्रो पातामा)

## विचारसार र सूक्तिहरू

**जो मनुष्य सामर्थ्यवान् भएर पनि कसैको भलाई गर्दैन, उसले सामर्थ्यहीन भएपछि दुःख भोग्नुपर्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# हामी सपना किन देख्छौं ?

सपनासँग हाम्रो अनौठो नाता छ । सपनाको दुनियाँ नै यति मीठो हुन्छ कि यसैमा हराइरहने इच्छा हुन्छ, सपना देख्दा मन रमाउँछ, यसमा प्रत्येक मानिस एक रस अनुभव गर्दछ, तर जब सपना भङ्ग हुन्छ र मानिस वास्तविक दुनियाँमा भलै हामीलाई त्यसबारे जानकारी होस् वा नहोस् ।

सपनाको दुनियाँ अनन्त छ, यसको कुनै छेउटुप्पो छैन, जीवन समाप्त भएपछि मात्र सपना समाप्त हुन्छ । दिन होस् चाहे रात, यदि व्यक्ति सुत्दछ भने उसलाई आउँछ, अनि उसलाई लाग्दछ कि उसले के–के देख्यो ? जे उसले सपनामा देख्यो सपना देखिन्छ, तर गहिरो निद्रामा छ भने मानिसले सपना देख्दैन ।

**सपना हाम्रो जीवनमा यस प्रकार जोडिएको छ कि हाम्रो जीवनमा जे पनि घटित हुनेवाला छ, त्यसको अनुभूति हामीलाई सपनाको माध्यमले पहिले नै हुन्छ । यदि हाम्रो साथ शुभ हुनेवाला छ भने शुभ स्वप्न आउँछ, त्यसैगरी यदि केही अशुभ हुनेवाला छ भने त्यससँग सम्बन्धित सपना देखिन थाल्छ । त्यसैले हामीले सपनाको सङ्केत बुझ्ने कोशिश गर्नुपर्छ ।**



प्रतीकात्मक तस्वीरः सौजन्य

त्यसको अर्थ के हो ? सपना त हामीसँग जोडिएको हुन्छ र ती हामीलाई केही न केही बताउन, केही सङ्केत दिन वा देखाउन आएका हुन्छन् । त्यसैले सपनाको पनि एउटा विशेष विज्ञान छ ।

हामी सपना किन देख्छौं ? सपनाको उत्पत्ति कसरी हुन्छ, कहाँ हुन्छ ? यसको हाम्रो वास्तविक जीवनसँग के नाता छ ? यस प्रकार सपनाबारे हाम्रो मनमा कैयौं प्रकारका सवाल जन्मन्छन् । जबदेखि मानिसले निद्रा लिन थाल्यो, तबदेखि सपना पनि अस्तित्वमा आएको हो । तर पनि यो एउटा रहस्यजस्तै छ, जसको तहसम्म, जसको सत्यसम्म कोही पुग्न सकेको छैन; किनकि जति मानिस छन्, त्यति नै थरीका सपना मानिसले देख्दछन् ।

सपना सबैको फरक–फरक हुन्छ र एकजना व्यक्तिको सपनामा अर्को व्यक्तिको हस्तक्षेप हुन सक्दैन, तर सपनामा देखिएका केही दृश्य वा घटनाहरू यस्ता हुन्छन्, जसलाई धेरै मानिस आफ्नो सपनामा देख्दछन्, जस्तै–आफ्ना सम्बन्धीजनलाई देख्नु, जलप्रवाह देख्नु, पशुपक्षीलाई देख्नु, बाढी देख्नु, शिवलिङ्ग देख्नु, साँप देख्नु, हिंडिरहेको रेल वा बसको पछाडि दौड्नु आदि ।

यस प्रकार हामीलाई सपनामा धेरै यस्ता दृश्य देखिन्छन्, जुन हाम्रो वास्तविक जीवनसँग सम्बन्धित हुन्छ र केही दृश्य यस्ता पनि देखिन्छन्, जसबाट हामी पूर्णतः अपरिचित हुन्छौं अथवा जसलाई हामीले कहिल्यै देखेका हुँदैनौं । विशेषज्ञहरूको यस्तो मान्यता वा भनाइ छ कि सपनामा हामीले जे देखेका हुन्छौं, त्यसको यस संसारमा कहीं न कहीं अस्तित्व हुन्छ, मनोविशेषज्ञहरूका अनुसार हाम्रो निद्राका चार चरण हुन्छन्, यसमा सबैभन्दा अन्तिम चरण र्‍यापिड आई मूभमेन्ट (आरइएम) हो, जसमा हामी सपना देख्दछौं । त्यसैले यदि व्यक्ति सपना देखिरहेको छ र उसका आँखा यदि आधा उघ्रेको छ भने सरलतापूर्वक देख्न सकिन्छ कि उसका आँखाका नानीहरू घुमिरहेका छन्, अर्थात् केही देखिरहेको छ । यस अवस्थामा हाम्रो दिमाग त सक्रिय हुन्छ, तर अङ्गको सञ्चालन सुप्त हुन्छ । यो स्थिति तबसम्म रहन्छ, जबसम्म दिमागको त्यो हिस्सा सक्रिय हुँदैन, जुन शरीरको गतिशीलताका लागि जरुरी हुन्छ ।

कहिले–कहिले मानिसका सपना निकै स्पष्ट हुन्छ, कहिले भने अस्पष्ट हुन्छ । कहिले–कहिले देखिएको सपना वास्तविक जीवनमा घटित पनि हुन्छ, र कहिले–कहिले यस्तो सपना देखिन्छ, जुन वास्तविक जीवनका घटनाहरूभन्दा विपरीत हुन्छन् । केही सपना लोभलाग्दा हुन्छन् भने केही भय प्रदायक ।

विशेषज्ञहरूका अनुसार प्रत्येक रात अबौं सपना यस पृथ्वीमा अनुभव गरिन्छ र औसतमा एकजना व्यक्तिलाई प्रत्येक रात तीनदेखि पाँचवटा सपना देख्ने अनुभव हुन्छ । यस प्रकार हामी आफ्नो जिन्दगीको छ वर्ष सपना देख्नमैं बिताइदिन्छौं । आश्यर्चको कुरा त के छ भने ती सपनाहरूमध्ये मात्र पाँच प्रतिशत हामीलाई याद रहन्छ र पछि ती पनि हाम्रो स्मृतिबाट धमिलिएर जान्छ ।

सपनाबारे जान्ने उत्सुकता मानिसमा सदादेखि रहँदै आएको छ । एक रिपोर्ट अनुसार सपनाको विषयमा मिस्रमा सबैभन्दा पहिले एउटा किताब लेखिएको थियो, जुन हजारौं वर्ष पुरानो छ । मेसोपोटामियामा लगभग पाँच हजार ईसापूर्व अस्तित्वमा रहेको सभ्यताले स्वप्नचिह्न र तिनका अर्थ मटचाङ्ग्रामा कोरेका थिए, जुन यस कुराको प्रमाण हो कि सपना वास्तवमा प्राचीन सभ्यताहरूका लागि पनि रुचिको विषय रहेको थियो । ज्योतिषमा त सपनाका लागि एउटा पूरा शास्त्र नै छ ।

सपनामाथि मनोविज्ञान विषयमा पनि १७औं शताब्दीदेखि काम भइरहेको छ, अरस्तूदेखि सिग्मन्ड फ्रायडसम्म, सबैले सपनालाई वास्तविक जीवनको सङ्केत मानेका छन् । आयुर्वेदले पनि सपनाको वास्तविकता स्वीकार गरेको छ । सपना हाम्रो मस्तिष्कको कुनै दमित इच्छा हुन सक्दछ या मस्तिष्कमा कुनै घटनाविशेषको प्रभाव हुन सक्दछ अथवा हाम्रो भविष्यको कुनै सूचना हुन सक्दछ ।

तन्त्रिका विज्ञानका केही शोधमा यो जान्ने कोशिश गरिएको थियो कि हामी सपना किन देख्छौं र सपनामा देखिने घटनाक्रम कहाँबाट उत्पन्न हुन्छ ? शोधमा के पाइयो भने धेरैजसो सपना हाम्रो भावनाहरूसँग जोडिएको हुन्छ । मनोविज्ञान र ज्योतिष दुवै यस कुरामा सहमत छन् कि सपनाले हाम्रो विषयमा धेरै कुरा बताउँछ । अन्तर मात्र के छ भने मनोविज्ञानले सपनाको आकलन मानसिक र शारीरिक स्वास्थ्यको दृष्टिले गर्दछ भने ज्योतिषले आफ्नो सङ्केतको आधारमा सपनाहरूको अर्थ बताउँछ ।

आयुर्वेदको चरक संहितामा सपनाका सात प्रकार बताइएको छ– दृष्ट, श्रुत, अनुभूत, प्रार्थित, कल्पित, भाविक र दोषज । यीमध्ये भाविक सपनाले भविष्यमा हुने शुभाशुभ घटनातिर सङ्केत गर्दछ ।

सपनाबारे सबैभन्दा रमाइलो कुरा के छ भने जसको सामान्य ज्ञान जति बढी हुन्छ, उसले त्यति नै बढी सपना देख्दछ । केही अध्ययनबाट यो पनि पत्ता लागेको छ कि जनावरहरू पनि सुतेको बेला मानिसझैं सपना देख्छन् । जन्मदेखि नै दृष्टिहीन मानिसले पनि सपना देख्दछ, तर उनीहरूलाई कुनै तस्वीर देखिंदैन, अपितु उनका सपनामा ध्वनि, गन्ध, स्पर्श र भावनाहरू हुन्छन् । एउटा मानिसले एक रातमा औसतमा चारवटा सपना देख्छ र एक वर्षमा करीब १४६० वटा सपना देख्दछ । केही सपना यस्ता हुन्छन्, जुन करीब सबैले देख्छन्, जस्तै– माथिबाट खस्नु, कुनै कुराको पछि दौड्नु, हावामा उड्नु आदि । हाम्रा केही सपना यस्ता हुन्छन्, जसमा हामी आफ्नो इच्छा पनि पूरा भएको देख्दछौं, जुन वास्तविक जीवनमा पूरा हुन सकेको हुँदैन ।

परीक्षा छुट्नु, ट्रेन छुट्नु, कार्यालय पुग्न ढिलो हुनु, माथिबाट खस्नु, उड्ने असफल कोशिश आदिजस्ता सपना पनि धेरै मानिसले देख्छन् । ढिलो हुने कुरासँग सम्बन्धित सपनाबाट यो थाहा हुन्छ कि व्यक्तिले केही गर्ने अवसर गुमाइसकेको छ ।

केही सपना अशुभ पनि हुन्छन्, जस्तै– सपनामा परिजनको मृत्यु देख्नु, कसैलाई मरेको देख्नु, कसैलाई बिरामी देख्नु, अङ्गभङ्ग देख्नु आदि । यस प्रकारका सपनाले नराम्रो प्रभाव नदेखाओस् भनेर केही विधान बताइएको छ । रामायणमा एउटा प्रसङ्ग छ, जसमा अयोध्यानरेश दशरथको मृत्यु हुन्छ र राम वनवास जान्छन् अनि मावली बसेका भरतलाई अपशकुन महसूस हुन्छ र उनी नराम्रा सपना देख्न थाल्छन् । यस कुरालाई तुलसीदासले श्री रामचरितमानसमा यसरी बयान गरेका छन्–

जबदेखि अयोध्यामा अनर्थ प्रारम्भ भयो, तबदेखि नै भरतजीलाई अपशकुन अनुभव हुन थाल्यो, उनी रातमा भयङ्कर सपना देख्दथे र उठेपछि करोडौं किसिमका नराम्रा–नराम्रा कल्पना गर्न थाल्दथे । उनी प्रतिदिन ब्राह्मणहरूलाई भोजन गराएर दान दिन्थे । अनेकौं विधिबाट रुद्राभिषेक गर्दथे र महादेवसँग हृदयदेखि आफ्ना मातापिता, कुटुम्बजन र भाइहरूको कुशलक्षेमका लागि प्रार्थना गर्दथे । भरतले जसरी दुस्वप्न निवारणहेतु दान, पूजन, रुद्राभिषेक, प्रार्थना आदि गर्दथे, त्यसैगरी मानिसले यी पुण्यकर्म गर्नुपर्दछ, जसले गर्दा उसको जीवनमा अशुभको प्रवेश नहोस् ।

सपना हाम्रो जीवनमा यस प्रकार जोडिएको छ कि हाम्रो जीवनमा जे पनि घटित हुनेवाला छ, त्यसको अनुभूति हामीलाई सपनाको माध्यमले पहिले नै हुन्छ । यदि हाम्रो साथ शुभ हुनेवाला छ भने शुभ स्वप्न आउँछ, त्यसैगरी यदि केही अशुभ हुनेवाला छ भने त्यससँग सम्बन्धित सपना देखिन थाल्छ । त्यसैले हामीले सपनाको सङ्केत बुझ्ने कोशिश गर्नुपर्छ ।

# बेरोजगारीको अर्थराजनीति

समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com

**हामीकहाँ भने सामान्य अवस्थामा ल्याइएका रोजगार नीति र योजनासमेत प्रभावकारी हुन सकेका छैनन् । सामाजिक सुरक्षाका नाममा ल्याइएका राजनीतिक लोकप्रियतामुखी योजनाहरू सत्ता राजनीतिका लागि जनताको सहानुभूति बटुल्ने साधन मात्र बनेका छन् ।**

सरकारले अघि सारेको दीर्घकालीन सोचसहितको पन्ध्रौं योजनाले विसं २०८७ सम्ममा असमानता न्यूनीकरण गर्दै गरीबीलाई ५ प्रतिशतमा सीमित तुल्याउने लक्ष्य मात्र राखेको छैन, विसं २१०० सम्ममा निरपेक्ष गरीबीमा रहेको जनसङ्ख्या शून्यमा झार्ने महत्त्वाकाङ्क्षी योजना पनि बनाएको छ । तर यस्ता योजनामा पुग्ने रणनीतिको अभाव छ । स्वदेशी उत्पादन अभिवृद्धि, रोजगारका अवसर र आयको वैज्ञानिक वितरणमार्फत आर्थिक असमानता न्यूनीकरण गर्दै जानु यो उद्देश्यको मुख्य औजार हो । तर योजनाका कार्यान्वयनमा नीतिगत व्यवस्थाको अभावसँगै यति नै बेला कोरोना महामारीले यो उद्देश्यमा अवरोध उत्पादन गरेको छ । लक्ष्यमा पुग्न प्रभावकारी नीतिगत योजना र स्रोतको अभाव खट्किएको छ । अहिलेको सङ्कटपूर्ण अवस्थामा सरकारले यो उद्देश्यमा पुग्न थप जिम्मेवारी बोध गर्नुपर्दछ । कोरोना महामारीलाई यो दायित्वबाट उम्किने उपयुक्त मौकाको रूपमा दुरुपयोग गरिनुहुँदैन ।

यतिखेर उत्पादन, व्यापार, व्यवसाय, कृषि, रोजगार, सेवाप्रवाह हुँदै आर्थिक वृद्धिसम्ममा देखिएका अवरोधमा कोरोना महामारीको प्रभावलाई कारणको रूपमा तेर्स्याउने गरिएको छ । तर कोरोनालाई समग्र समस्याको दोष दिएर दायित्वबाट उन्मुक्ति पाउन सकिंदैन । कस्ता–कस्ता आर्थिक शक्ति सम्पन्न देश त कोरोनाबाट अस्तव्यस्त भएका छन् भने हामी के हो र ? भनेर जिम्मेवारीलाई सामान्यीकरण गर्नु अनुचित हो । यो मनोविज्ञानको अवतरणले अर्थ–सामाजिक सरोकारलाई विघटनको बाटोतिर उन्मुख गराउँछ । सरकार र सरोकारका क्षेत्र महामारीमा आआफ्नो जिम्मेवारीमा इमानदारी हुने हो भने महामारीको असरलाई न्यूनीकरण गर्दै आर्थिक र सामाजिक क्षेत्रलाई कमभन्दा कम क्षतिबाट बाहिर निकाल्न सकिन्छ । यो अर्थतन्त्रका उपकरणहरूलाई चुस्त बनाउने मौका बन्न सक्दछ ।

सरकारले पर्याप्त रोजगार सृजनाको माध्यमबाट आय आर्जन बढाएर गरीबी निवारण गर्ने बताइराखेको छ । कोरोना महामारीको दोस्रो लहर रोक्न लगाइएको निषेधाज्ञाले नेपालमा ३६ लाखभन्दा बढी व्यक्तिले रोजगार गुमाएको समाचार यसैबेला सञ्चारमाध्यममा आएका छन् । विभिन्न मजदूर युनियनले उद्योग प्रतिष्ठान, होटेल, यातायतलगायतका क्षेत्रमा गरेको सर्वेक्षणले यस्तो देखाएको हो । सरकारले कोरोना महामारी नियन्त्रणका लागि निषेधाज्ञा लगाएको एक महीना बित्न लागिसकेको छ । महामारी अपेक्षित नियन्त्रण नभएकाले सरकार निषेधाज्ञालाई अझ कडा बनाउनेतर्फ अघि बढिरहेको छ । यस्तोमा दैनिक काम गरेर गुजारा चलाउनेहरू प्रताडित त छन् नै, औपचारिक क्षेत्रमा काम गर्नेहरूको पनि रोजगार धरापमा परिरहेको छ । बजार, माग र आपूर्ति अवरुद्ध हुँदा उत्पादन, व्यवसायसँगै रोजगार पनि खुम्चिएको छ । यसअघि नै कोरोनाको पहिलो लहरमा ६ लाख गरीब थपिएको तथ्याङ्क आएको थियो । बेरोजगारी बढ्नु भनेको आम्दनी घटेर गरीबी बढ्नु हो । रोजगार घट्दा यसको बहुआयामिक प्रभाव हुन्छ । आम्दानी खुम्चिएपछि यसबाट माग र उत्पादन घट्न जान्छ । यसबाट उत्पादन खुम्चिन्छ । र रोजगारका अवसरहरू थप सङ्कटमा पर्ने स्थिति हुन्छ । अतः सरकारले यसको असर समाधानका लागि प्रभावकारी कार्यक्रम सार्वजनिक गर्नुपर्दछ ।

रोजगार नगुमाए पनि आय कटौती हुनेको सङ्ख्या पनि बाक्लै छ । कोरोनाको अघिल्लो लहरभन्दा दोस्रो लहर बढी घातक देखिएकाले यसले अर्थ–सामाजिक दैनिकीमा पार्ने असर पनि घातक हुनेमा आशङ्का छैन । अतः अघिल्लो वर्षभन्दा अहिले बेरोजगारी समस्या थप जटिल हुने देखिन्छ । यस्तो अवस्थामा सरकारले बेरोजगारी समस्याबाट जुध्न विशेष खालको कार्यक्रम ल्याउनुपर्दछ । यस्तो कार्यक्रम जसमा रोजगार सृजना र आय गुमाउनेहरूका लागि राहत पुग्न सकोस् । उद्योग–व्यापारका क्षेत्रमा दिइएको राहत पनि रोजगार जगेर्नामा सहयोगी हुन सक्दछ । महामारीको समयमा विद्युत्, ब्याज, करलगायतमा दिइएको सहुलियतले उद्यम मात्र होइन, रोजगार जोगाउन पनि परोक्ष सहयोग पुऱ्याउँछ ।

कोरोनाका कारण आन्तरिक र बाह्य श्रम बजार प्रभावित भएको सरकारले नै स्वीकार गरेको छ, तर प्रभावकारी योजनामा तत्परता भने देखिएको छैन । सबैभन्दा ठूलो रोजगारको क्षेत्र भनेको उद्योग हो । अहिले ८ हजार ३८४ उद्योगमा ६ लाख २४ हजार ६६१ जनाले रोजगार पाएको सरकारी तथ्याङ्क छ । सरकारले यो वर्षका लागि रोजगार उत्पादनको लक्ष्यमा पनि निजी क्षेत्रलाई अग्रभागमा राखेको छ । यस कारण उत्पादनलाई संरक्षण गर्नु भनेको रोजगार प्रवर्द्धन हो । यसो भनिराख्दा अधिकतम स्वदेशकै कच्चा पदार्थमा आधारित र बढी मूल्य अभिवृद्धि गर्ने खालका उत्पादनको संरक्षणका लागि प्रभावकारी नीतिको अभाव सधैं खट्किएको महसूस हुन्छ ।

सरकारले अघिल्लो कोरोना लहरमा विदेशबाट रोजगार गुमाएर फर्किनेका लागि समेत स्वदेशमैं रोजगार दिने भनेको थियो । चालू आर्थिक वर्ष २०७७/७८ को बजेटमा करीब १२ लाख जति रोजगारको फेहरिस्त ल्याएको थियो । तर यो ५० हजार पनि पुग्न नसकेको आर्थिक सर्वेक्षण २०७८ ले नै देखाएको छ । कोरोना महामारी छल्न स्वदेश फर्किएकाहरू रोजगारको खोजीमा कोरोनाको जोखिम मोल्दै पुनः भारत फर्किएका समाचार हामीले देखे/सुनेकै हो । त्यति मात्र होइन, अन्य मुलुकबाट फर्किएकाहरू पनि यो वर्ष उल्लेख्य सङ्ख्यामा बाहिरिए । वैदेशिक रोजगार विभागबाट चालू आर्थिक वर्षमा नयाँ श्रम स्वीकृति लिनेभन्दा पुनः स्वीकृतिको सङ्ख्या अत्यधिक देखिएको छ । यो वर्षको फागुनसम्ममा ३३ हजार १०६ जनाले नयाँ स्वीकृति लिएकोमा पुनः स्वीकृतिको सङ्ख्या ५२ हजार २८९ रहेको विभागको तथ्याङ्क आर्थिक सर्वेक्षण २०७८ ले प्रकाशित गरेको छ । यो सङ्ख्या स्वदेशमा गरिखाने अवसर नदेखेपछि बाहिरिने युवाहरूको हो ।

यो कोरोना महामारीले हामीकहाँ मात्र होइन, विश्वव्यापीरूपमैं रोजगार कटौती भएको अवस्था छ । तर अधिकांश देशले बेरोजगारीलाई सहयोग र यसबाट पर्न जाने चक्रीय प्रभावको असर कम गर्न रोजगारी राहतका कार्यक्रम ल्याएका छन् । कोरोनाबाट रोजगारमा बढी असर पुगेका १८७ देशले त प्रभावितका खातामैं रकम प्रदान गरेको समाचार अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूमा आए । हामीकहाँ भने सामान्य अवस्थामा ल्याइएका रोजगार नीति र योजनासमेत प्रभावकारी हुन सकेका छैनन् । सामाजिक सुरक्षाका नाममा ल्याइएका राजनीतिक लोकप्रियतामुखी योजनाहरू सत्ता राजनीतिका लागि जनताको सहानुभूति बटुल्ने साधन मात्र बनेका छन् ।

प्रधानमन्त्री रोजगार कार्यक्रम यस्तै समस्यालाई केही हदसम्म भएपनि सम्बोधनका लागि ल्याइएको हो । तर यो कार्यक्रम सत्तासीन राजनीतिका सीमित कार्यकर्तालाई अल्मल्याउने उपायबाहेक अन्य बन्न सकेको छैन । प्रदेश र स्थानीय सरकारहरूले यसमा गरेका काम पनि त्यति प्रभावयोग्य देखिएका छैनन् । स्थानीय तहका रोजगार सेवा केन्द्रले अपेक्षित गति लिन सकेका छैनन् । प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि आर्थिक वर्ष २०७६/७७ मा ३ लाख ७० हजार जना सूचीकृत भएका थिए । तीमध्ये १ लाख ५ हजार ६३५ जनाले रोजगार पाएको आर्थिक सर्वेक्षण २०७८ ले उल्लेख गरेको छ । चालू आर्थिक वर्ष २०७७/७८ को कार्यक्रममा ७ लाख ४३ हजार ५०३ जना सूचीकृत भइसकेका छन् । तर बितेको फागुनसम्ममा ३३ हजार ७५३ जनाले मात्रै रोजगार पाएको तथ्याङ्क आर्थिक सर्वेक्षणमा उल्लेख छ ।

यथार्थमा यो कार्यक्रमले बेरोजगारी समाधानमा रचनात्मक प्रभाव देखाउन सकेको छैन । रोजगार कार्यक्रममा वास्तविक बेरोजगारीभन्दा पनि सत्तासीन दलका कार्यकर्ताको हालीमुहाली छ । सडक दायाँबायाँ र खोल्साखाल्सीको झार उखेल्नेजस्तो अनुत्पादक काममा युवालाई लगाएर स्रोत बर्बाद गर्ने काम भइराखेको छ । यो कार्यक्रमबाट हुने खर्चले युवालाई रचनात्मक काममा लगाउन सकिन्थ्यो । कार्यक्रमको ओज र काम गराइ हेर्दा यसको उपलब्धिभन्दा प्रचारबाजी र आत्मरति मात्र बढी देखिएको छ । विश्व बैंकले यस कार्यक्रमलाई ऋण दिएको छ । एकातिर ऋण स्वीकार गर्ने अर्कातिर कार्यक्रमको उपलब्धि अत्यन्तै फितलो हुने अवस्थाले यो कार्यक्रम ऋण र दाताको शर्तको भारी बोक्ने उपक्रम मात्र हुने त होइन भन्ने चिन्ता पनि थपिएको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## दिल्ली सरकारद्वारा खोप किन्न बोलपत्र आह्वान

नयाँ दिल्ली, १५ जेठ/एएनआई

भारतको दिल्ली प्रदेश सरकारले कोरोना भाइरसविरुद्धको एक करोड खोप किन्नका लागि बोलपत्र आह्वान गरेको छ। देशको केन्द्रीय राजधानीसमेत पर्ने दिल्ली सरकारले आपत्कालीन 'ग्लोबल टेन्डर' आह्वान गरेको अधिकारीहरूले जनाएका छन्।



भारत दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवाल। तस्वीरः एजेन्सी

जनरल स्वास्थ्य सेवा निर्देशनालयद्वारा प्रकाशित बोलपत्रमा आगामी जून ७ बेलुका ५ बजेसम्म बोलपत्रका लागि फाराम भर्न सकिने समयावधि तोकिएको छ।

भारत सरकारको आधिकारिक निकायले प्रयोगका लागि अनुमति दिएको खोप मात्रै खरीद गर्नुपर्ने बोलपत्रमा उल्लेख गरिएको छ। बोलपत्र इमेलमार्फत भर्न सकिने व्यवस्था गरिएको अधिकारीहरूले जनाएका छन्।

कोरोना भाइरसको महामारी नियन्त्रण हुन नसकेको र फेरि तेस्रो चरणको महामारी फैलिने खतरा रहेकाले खोप खरीदलाई प्राथमिकता दिइएको प्रदेश सरकारले जनाएको छ।

केन्द्रीय सरकारको प्रयास र भारतमा उत्पादन भइरहेको खोपले मात्रै तत्कालको आवश्यकता पूरा नहुने भएकाले विश्वव्यापी बोलपत्र आह्वान गरिएको अधिकारीहरूले जनाएका छन्।

कोरोना भाइरसको महामारी नियन्त्रणको एउटा कडीकै रूपमा खोप खरीद प्रक्रियालाई लिइएको समाचारमा उल्लेख गरिएको छ।

दिल्ली सरकारका अनुसार अहिले अग्रपङ्क्तिमा खटिएका स्वास्थ्यकर्मी लगायतका कर्मचारीहरूलाई दुई लाख ६५ हजार १० कोभिसिल्ड खोप उपलब्ध गराइएको छ। त्यसबाहेक दिल्लीमा अरू ५२ लाख ६४ हजार २३२ खोप प्रयोग भइसकेको छ। रासस

## बाइडेनद्वारा ६० खर्ब डलरको बजेट प्रस्तुत

वाशिङ्टन, १५ जेठ/एपी

राष्ट्रपति जो बाइडेनले आगामी आर्थिक वर्षको ६० खर्ब अमेरिकी डलरको बजेट अमेरिकी समय अनुसार शुक्रवार प्रस्ताव गरेका छन्। बजेटमा गरीब र मध्यम वर्गका लागि नयाँ सुरक्षा कार्यक्रमहरू ल्याइएको छ। बजेटमा सम्पन्न अमेरिकी कम्पनी तथा व्यवसायीले तिनुपर्ने करको दायरामा निकै वृद्धि गरिएको छ।


कोभिड-१९ महामारीले आक्रान्त बनेको अमेरिकालाई आफ्नो नेतृत्वमा घोषणा गरेको राहत कार्यक्रमले महामारीलाई नियन्त्रण गर्न सहयोग पुऱ्याएको कारण बाइडेनले सत्ता सम्हालेको केही समयमैं जनस्तरबाट बृहत् प्रशंसा पाएका थिए।

बजेट 'अमेरिकी नागरिकमा सीधैं लगानी गरिने र देशको अर्थतन्त्रलाई सुदृढ पार्ने साथै दीर्घकालीन वित्तीय अवस्थालाई सुधार्ने' दावी डेमोक्रेटिक पार्टीको तर्फबाट राष्ट्रपति बनेका बाइडेनले दावी गरेका छन्।

ट्रम्प प्रशासनले कोभिड-१९ नियन्त्रणमा देखाएको बेवास्ता र बाइडेनको जनमुखी कार्यक्रमले उनलाई प्रशंसा मिलेको छ। यो वर्षको अनुमानित घाटा ३.७ ट्रिलियन पुग्ने बजेटमा बताइएको छ भने अर्को वर्ष यो घाटा १.८ ट्रिलियनमा झर्ने उल्लेख गरिएको छ। यो महामारीभन्दा पहिलेको अवस्थाभन्दा झन्डै दोब्बर हो।

कोभिड-१९ महामारी लक्षित राहतका लागि पाँच खर्ब अमेरिकी डलर स्वीकृत गरिसकेको अवस्थामा बजेटले थप ३० खर्ब डलरभन्दा बढी राष्ट्रिय ऋण पुग्ने प्रक्षेपण गरेको छ। त्यसैले सरकारले आफ्नो खर्चको प्रतिडलरमा ५० सेन्ट उधारो लिनुपर्नेछ।

बजेट घाटालाई रोक्न असफल भएपछि बाइडेनले व्यवसाय र उच्च कमाइ भएका व्यक्तिहरूमा प्रस्तावित कर वृद्धि गर्ने योजना प्रयोग गरेका छन्, जसले विश्वभरका पूर्वप्राथमिक र बाल हेरचाहको लागि ठूलो अनुदान र स्वास्थ्य क्षेत्रलगायतका क्षेत्रमा दिइने 'ग्यारेन्टेड' पूर्वप्राथमिक विद्यालयमा जाने उमेरका बालबालिकालाई निश्शुल्क विद्यालयको व्यवस्था गर्न र १०९ अर्ब डलर सम्पूर्ण



अमेरिकी राष्ट्रपति जो बाइडेन। तस्वीरः रायटर्स

भुक्तानी बिदा जस्ता नयाँ-नयाँ सामाजिक कार्यक्रमहरूलाई मजबूत पार्न सहयोग दिने अपेक्षा गरिएको छ।

बाइडेनले आफ्नो बजेटबारे भने, "हाम्रो अर्थतन्त्रको विकास गर्ने सबैभन्दा राम्रो तरीका माथिबाट तल हो, तर तलबाट माथि हैन। हाम्रो समृद्धि ती मानिसहरूबाट आउँदछ, जो दिनहुँ सबेरै उठ्छन्, कडा परिश्रम गर्छन्, आफ्नो परिवार बढाउँछन्, कर तिर्छन्, राष्ट्रको सेवा गर्छन्, र समुदायमा स्वयंसेवा गर्छन्।"

बजेटमा ८०० अर्ब डलरभन्दा बढी रकम जलवायु परिवर्तनविरुद्धको लडाइँ साथै स्वच्छ उर्जामा लगानी गर्नका लागि छुट्ट्याइएको छ भने २०० अर्ब ३-४ वर्षका अमेरिकीको दुई वर्षे निश्शुल्क सामुदायिक कलेज खर्च र २२५ अर्ब डलर परिवार भत्ता र चिकित्सकीय बिदामा खर्चिने बताइएको छ।

बाइडेनले ११५ अर्ब डलर सडक र पुल निर्माणका साथै १६० डलर सार्वजनिक यातायात र रेलसेवा सुधारका लागि छुट्ट्याएका छन् भने एक खर्ब डलर ब्रोडब्यान्ड इन्टरनेट पहुँचमा सुधारका लागि खर्चिने बताएका छन्।

बजेट कार्यान्वयनका लागि अमेरिकी संसद् कङ्ग्रेसबाट पारित हुनुपर्छ। रिपब्लिकन पार्टीका सिनेटर लिड्से ग्राहमले योजनालाई अनावश्यकरूपमा महँगो भनेर आलोचना गरेका छन्। रासस

## कोभिड-१९ उत्पत्तिको अध्ययनलाई राजनीतीकरण नगर्न आग्रह

जेनेभा, १५ जेठ/सिन्ह्वा

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)ले शुक्रवार कोभिड-१९ भाइरसको उत्पत्तिबारे अध्ययन 'राजनीतीकरणको विषय नभएको' भन्दै यसलाई राजनीतीकरण नगर्न आग्रह गरेको छ।

अध्ययनको सम्पूर्ण प्रक्रियालाई राजनीतिले बिगारेको सङ्गठनले बताएको हो। जेनेभामा शुक्रवार डब्ल्युएचओले गरेको पत्रकार सम्मेलनमा बोल्दै डब्ल्युएचओ स्वास्थ्य सङ्कटकाल कार्यक्रमका कार्यकारी निर्देशक माइक रायनले भने, "सम्बन्धित सबैले यस (कोभिड-१९ को उत्पत्ति)को विषयलाई राजनीति होइन, वैज्ञानिक तरीकाले हेर्नुपर्छ। अनुसन्धानमा सघाउनुपर्छ र अध्ययनको रिपोर्ट विवादरहित बनाउनुपर्छ।"

"यदि तपाईंले वैज्ञानिकहरूको कामको अपेक्षा गर्नुहुन्छ भने तपाईं वैज्ञानिकहरूसँग सहकार्य गर्न सक्नुहुन्छ र यसबाट तपाईंले चाहनुभएको जवाफहरू प्राप्त गर्नुहुन्छ। वास्तवमा भाइरसको उत्पत्ति पत्ता लगाउन दोषारोपणरहित वातावरणको आवश्यक छ। भाइरस उत्पत्तिको विषय राजनीतिक दोष नलागेको हुनुपर्छ।"

डब्ल्यूएचओका वरिष्ठ अधिकारीले सार्स-कोभ २ भाइरसको सम्भावित उत्पत्तिसम्बन्धी समाचार, प्रमाण वा नयाँ सामग्रीका साथ सञ्चारमाध्यममा अधिक छलफल भएको र यो चिन्ताको विषय भएको छ।

सबै मुलुकका सरकारले सँगै मिलेर काम गर्ने र भाइरस मूल अध्ययन सफलतापूर्वक सम्पन्न गर्नका लागि वातावरण सिर्जना गर्न आह्वान गर्दै रायनले भने, "यस मुद्दाको वर्तमान राजनीतीकरणले डब्ल्युएचओलाई जवाफ दिन कठिन बनाएको छ।"

भाइरसको उत्पत्ति पत्ता लगाउन धेरै अध्ययन र बहु अभियानहरू आवश्यक पर्दछन्। यसका लागि सहयोग, खुलापन र समय आवश्यक रहेको उनको भनाइ थियो। रासस

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | सफलता | वृष | राज्यभय |
| मिथुन | वादविवाद | कर्कट | यात्रालाभ |
| सिंह | कडाश्रम | कन्या | खिन्नता |
| तुला | उदरपीडा | वृश्चिक | विजय |
| धनु | धनखति | मकर | भाग्योदय |
| कुम्भ | बेचैनी | मीन | मनोरञ्जन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## राजनीतिक झगडाका विषयमा जनतालाई न्यायाधीश बनाउनुपर्छ -प्रधानमन्त्री ओली

काठमाडौं, १५ जेठ/रासस

मुलुकलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल घोषणा गरिएको सुअवसरमा शनिवार जेठ १५ गते सरकारले विशेष समारोहबीच चौधौं गणतन्त्र दिवस मनाएको छ।



तस्वीर : फाइल

राष्ट्रपति विद्यादेवी भण्डारीको समुपस्थितिमा सैनिक मुख्यालय जङ्गी अड्डामा दिवस मनाइएको हो। सैनिक मञ्च टुँडिखेलमा हुँदै आएको कार्यक्रम कोभिड-१९ सङ्क्रमणका कारण सम्पूर्ण स्वास्थ्य सुरक्षा मापदण्ड अपनाएर मनाइएको थियो।

तत्कालीन संविधानसभाले विसं २०६५ जेठ १५ गते राजतन्त्र हटाएर गणतन्त्र घोषणा गरेको दिनको सम्झनामा हरेक वर्ष आजकै दिन दिवस मनाउने गरिन्छ।

समारोहमा प्रधानमन्त्री केपीशर्मा ओलीले गणतन्त्रका उपलब्धिलाई बलियो बनाउन राजनीतिक झगडा र लडाइँका मुख्य विषयमा जनतालाई न्यायाधीश बनाएर उनीहरूको अभिमतलाई सर्वोपरि मान्दै अग्रसर हुन दलका नेताहरूलाई आह्वान गरे।

प्रधानमन्त्रीले भने, "आफ्नो जिद्दी होइन, जनताको आवधिक मूल्याङ्कन र अभिमत नै सर्वोपरि निर्णायक हो, निर्वाचन लोकतन्त्रको आधारभूत पक्ष हो, यसले जनादेशलाई पुनर्ताजगी गर्न र त्यसपछिको सरकारलाई सुदृढ एवं जनअपेक्षित अनुसार काम गर्न उत्प्रेरित गर्दछ।"

सोही अभिप्रायका साथ नै आगामी कात्तिक २६ र मङ्सिर ३ गते निर्वाचन घोषणा गरिएको प्रम ओलीको भनाइ थियो। उनले अहिले चुनाव हुँदैन कि, गराइँदैन कि भन्ने भ्रम छरिएको र चुनाव स्वतन्त्र एवं निष्पक्ष हुँदैन भन्ने निराधार कुप्रचार भइरहेकाले त्यस्तो दुष्प्रचारको भ्रममा नपर्न अनुरोध गरे। उनले सरकारले चालेका जनमुखी कदममा व्यवधान, घेराबन्दी र विरोधको सामना गरिरहनुपरेकामा चिन्ता प्रकट गरे।

गणतन्त्र दिवस मूल समारोह समितिका अध्यक्षसमेत रहेका प्रम ओलीले जनताका लागिभन्दा सत्ताकाङ्क्षी समूहले लोकतान्त्रिक प्रणालीलाई दुरुपयोग गर्ने प्रवृत्तिको छिनोफानोका लागि निर्वाचनमा जानुपर्ने अवस्थाको सिर्जना भएको प्रस्टयाए।

उनले मुलुकको अमूल्य समयलाई अकर्मण्यता र अनुशासनहीनतामा खेर जानबाट रोक्न मुलुकसामु जनादेश माग्नु एक मात्र विकल्प हुन पुगेको स्पष्ट पारे। निर्वाचनले सबै दललाई जनपरीक्षण गर्ने अवसर प्राप्त भएको बताए। निर्वाचनलाई तोकिएकै समयमा स्वच्छ, स्वतन्त्र र निष्पक्ष ढङ्गबाट सम्पन्न गर्ने प्रधानमन्त्रीले दृढता व्यक्त गरे।

गणतन्त्रले प्रणालीका छिद्र खोजेर कसैलाई सत्तामा चढाउने र झार्ने खेलमा समय व्यतीत गर्ने नभई गरीबी र पछौटेपनको लडाइँलाई जित्नुपर्नेमा प्रम ओलीको जोड थियो। उनले जनता मजबूत हुँदा लोत्रतन्त्र स्वतः मजबूत हुने उल्लेख गरे।

प्रम ओलीले जनताको सार्वभौमसत्तालाई विभिन्न स्वार्थ समूहले आफ्नो नियन्त्रणमा राख्न खोज्ने प्रवृत्ति निस्तेज गरी गणतन्त्रलाई दिगो बनाउनुपर्नेमा जोड दिए। केही व्यक्तिविशेषको स्वार्थसिद्धिका लागि जनतालाई उपभोक्ता बनाइ शासन अवधिको बाँडफाँड तथा उपभोगका रूपमा अर्थ्याउने विसङ्गत प्रयास गणतान्त्रिक मुलुकका लागि हानिकारक हुने उनको जिकिर थियो। "यो जनताको सार्वभौम अधिकार हो, जसलाई निर्वाचनमार्फत जनताले अभ्यास गर्दछ," प्रधानमन्त्रीको भनाइ थियो।

प्रम ओलीले खासगरी राष्ट्रिय समस्या, महामारी जस्ता सङ्कट, राष्ट्रिय सीमाभन्दा बाहिरका विश्वव्यापी समस्याको संयुक्त प्रयासबाट सामना गर्नुपर्नेमा जोड दिए।

"आगामी निर्वाचन अगाडि नै सबै जनतालाई खोप उपलब्ध गराउने प्रयासमा जुटेका छौं," प्रम ओलीले थपे, "क्षमतालाई भरपूर प्रयोग गर्दै अघि बढेकाले कोभिडविरुद्धको लडाइँमा सक्षम हुनेछौं भन्ने विश्वास दिलाउँछु।"

प्रम ओलीले आजको दिनलाई जन्मसिद्ध श्रेष्ठताको सामन्तवादी प्रणालीमा आधारित र जबरजस्ती थोपरिएको राजतन्त्रको अन्त्य भई उज्यालो प्राप्त भएको दिनका रूपमा स्मरण गरे। उनले जनता सार्वभौम बनेको आजको दिन नेपाली राजनीतिक इतिहासको महत्त्वपूर्ण र अविस्मरणीय दिन भएको उल्लेख गरे। उनले सारपूर्ण र वास्तविक गणतन्त्रसहितको लोकतन्त्र नै पूर्ण लोकतन्त्र हुने बताए।

## अध्यादेशमार्फत बजेट प्रस्तुत

काठमाडौं, १५ जेठ/रासस

राष्ट्रपति विद्यादेवी भण्डारीले आगामी आर्थिक वर्षको बजेटसँग सम्बन्धित तीन अध्यादेश जारी गरेकी छन्। राष्ट्रपति कार्यालयका अनुसार आर्थिक अध्यादेश-२०७८, विनियोजन अध्यादेश-२०७८ र राष्ट्रऋण उठाउने अध्यादेश-२०७८ जारी गरिएको हो।

मन्त्रिपरिषद्को शनिवार बसेको बैठकले ती अध्यादेश जारी गर्नका लागि राष्ट्रपतिसमक्ष सिफारिश गरेको थियो। अध्यादेश जारी भएपछि अर्थमन्त्री विष्णुप्रसाद पौडेलले आज आगामी आव २०७८/७९ को बजेट प्रस्तुत गरे।

### सामाजिक सुरक्षा भत्तामा ३३ प्रतिशतले वृद्धि

सरकारले वृद्धभत्तालगायत सबै प्रकारका सामाजिक सुरक्षा भत्तामा ३३ प्रतिशले वृद्धि गर्ने भएको छ। अर्थमन्त्री पौडेलले आज सार्वजनिक गरेको आगामी आर्थिक वर्षको बजेट वक्तव्यमा सामाजिक सुक्षा भत्ता ३३ प्रतिशतले वृद्धिको घोषणा गरेका हुन्। हाल ज्येष्ठ नागरिक भत्ता मासिक रु तीन हजार रहेको छ। वाम गठबन्धनले गत चुनावी घोषणापत्रमा मासिक रु पाँच हजारसम्म भत्ता दिने उद्घोष गरेको थियो।

### सबैलाई चाँडै निश्शुल्क खोप

अर्थमन्त्री पौडेलले आगामी आर्थिक वर्षको बजेट भाषणामार्फत सबै नागरिकलाई कोभिड-१९ विरुद्ध चाँडै निश्शुल्क खोप उपलब्ध गराउने स्पष्ट गरेका छन्। अहिले सार्वजनिक भइरहेको उक्त बजेटमा खोपका लागि रु २६ अर्ब ७५ करोड रकम विनियोजन गरिएको छ। जनताको जीवनरक्षा गर्नु सरकारको मुख्य लक्ष्य भएको अर्थमन्त्री पौडेलले बजेटको प्राथमिकतामा उल्लेख गरेका छन्।

अर्थमन्त्री पौडेलले कोरोना महामारी नियन्त्रण तथा रोकथामका लागि रु ३७ अर्ब ५७ करोड छुट्याइएको तथा रोगको उपचारका लागि आवश्यक पर्ने औषधि उपकरण खरीदका लागि रु पाँच अर्ब ६० करोड विनियोजन गरिएको जानकारी दिए। महामारी नियन्त्रणका निम्ति आवश्यक पर्ने अस्पतालसहित भौतिक पूर्वाधार निर्माणका लागि सो रकम विनियोजन गरिएको हो। अर्थमन्त्रीले स्वास्थ्य उपकरण आयातमा भन्सार नलाग्ने व्यवस्था गरिएको पनि बताए।

### स्वास्थ्य क्षेत्रमा बजेट वृद्धि

सरकारले स्वास्थ्य क्षेत्रमा बजेट वृद्धि गरेको छ। अर्थमन्त्री पौडेलले आगामी आर्थिक वर्ष २०७८/७९ को बजेट प्रस्तुत गर्दै गत वर्षभन्दा यस वर्ष स्वास्थ्य क्षेत्रको बजेट वृद्धि गरिएको जानकारी दिए। उनले स्वास्थ्य क्षेत्रको लागि रु एक खर्ब २२ अर्ब ७७ करोडको बजेट विनियोजन गरिएको बताए।

उनले सरकारले कोरोना सङ्क्रमण न्यूनीकरणका लागि बजेट केन्द्रीकृत गरेको र बजेट अभाव हुन नदिने जानकारी पनि दिए।

### चालीस माइक्रोनभन्दा पातला प्लास्टिकमा प्रतिबन्ध

सरकारले वातावरण प्रदूषण नियन्त्रण गर्न आगामी आर्थिक वर्षदेखि ४० माइक्रोनभन्दा पातलो प्लास्टिकमा प्रतिबन्ध लगाउने भएको छ। अर्थमन्त्री पौडेलले आगामी आर्थिक वर्षको बजेट वक्तव्यमा सो घोषणा गरेका हुन्।

### विद्युतीय सवारीसाधनलाई प्रोत्साहन

आगामी आवको बजेटमा अर्थमन्त्री पौडेलले विद्युतीय सवारीसाधनको प्रयोगलाई प्रोत्साहन गरिने बताए। आगामी आवमा चुरे तथा तराई मधेस क्षेत्रमा एक करोड ५० लाख विभिन्न प्रजातिका बिरुवा रोपिने अर्थमन्त्री पौडेलले जानकारी दिए। त्यस्तै, चुरे कार्यक्रम अन्तर्गत १६४ नदी प्रणालीमा भूक्षय नियन्त्रणका कार्यक्रम गरिनेछ।

### नजीतामूलक शैक्षिक प्रणाली लागू गरिने

बजेट वक्तव्यमा मानव पूँजीको आधार रहेको शिक्षालाई दक्ष र गुणस्तरीय बनाउन अनुकूल वातावरण निर्माण गरिने प्रतिबद्धता व्यक्त गरिएको छ।

सो बजेटमा नजीतामूलक शैक्षिक प्रणाली लागू गर्ने, शैक्षिक नतीजाका आधारमा सामुदायिक विद्यालयलाई अनुदान दिने, सामुदायिक विद्यालयको पूर्वाधार विकासका लागि रु १० अर्बको 'राष्ट्रपति शैक्षिक सुधार पूर्वाधार कार्यक्रम' समावेश छन्। यस्तै, वैकल्पिक सिकाइ पूर्वाधारमा क्रान्ति ल्याइ तथा त्यस्तो सिकाइको कार्ययोजना कार्यान्वयन गर्ने, विद्यार्थीलाई इन्टरनेट पहुँच विस्तारमा सहयोग, आधारभूत तहमा भर्नादर शतप्रतिशत बनाइने, रङ्गीन पाठ्यपुस्तक उत्पादन र वितरण, प्रारम्भिक बालविकासका सहजकर्ता र विद्यालय कर्मचारीको मासिक सुविधा रु १५ हजार बनाइने, कक्षा पाँचसम्मका विद्यार्थीको दिवा खाजा, शिक्षक दरबन्दी मिलान, दुई वर्षभित्र सबै सामुदायिक विद्यालयमा निश्शुल्क ब्रोडब्यान्ड स्थापना, शैक्षिक च्यानल सञ्चालन, छात्राहरूलाई

(बाँकी अन्तिम पातामा)

# दुर्घटनामा रेन्जर तिवारीको मृत्यु

प्रस, निजगढ, १५ जेठ/

मोटरसाइकल दुर्घटनामा पर्सा राष्ट्रिय निकुञ्ज आधाभार बारामा कार्यरत २६ वर्षीय रेन्जर दीपककुमार तिवारीको मृत्यु भएको छ ।

कामको सिलसिलामा सिन्धुली जाने क्रममा शनिवार दिउँसो करीब २:३० बजे आफैंले चलाएको वाग्मती प्रदेश ०२–०२० प २७६१ नंको बुलेट मोटरसाइकल दुर्घटना हुँदा रेन्जर तिवारीको घटनास्थलमैं मृत्यु भएको जिल्ला ट्राफिक कार्यालय बाराले जनाएको छ । उनी चढेको मोटरसाइकल सोही दिशाबाट आइरहेको प्रदेश २–०३–०१२ प २५९९ नंको पल्सर मोटरसाइकलमा ठोकिएको थियो र अनियन्त्रित भएर विपरीत दिशाबाट आउँदै गरेको बा.१०च ८०७५ नम्बरको कार र ना.६ख ६४१२ नम्बरको मालवाहक ट्रकमा ठोक्किन पुग्दा रेन्जर तिवारीको घटनास्थलमैं मृत्यु भएको ट्राफिक प्रहरीले जनाएको छ ।




निषेधाज्ञाको समयमा राजमार्गमा सवारीसाधन न्यून गुड्दा खाली भएको सडकमा द्रुत गतिमा मोटरसाइकल चलाउँदा सो दुर्घटना हुन पुगेको जिल्ला ट्राफिक प्रहरी कार्यालय निजगढ बाराका प्रहरी निरीक्षक विपिन ओझाले बताए ।

निजगढ भमरा पुलदेखि करीब २ किलोमिटर पूर्वतर्फको महेन्द्र राजमार्गमा दुर्घटना भएको इलाका प्रहरी कार्यालय निजगढका प्रहरी निरीक्षक शङ्करप्रसाद चौधरीले बताए । अर्को मोटरसाइकल चालक सर्लाही वाग्मती नगरपालिका–१० का ४१ वर्षीय खलकप्रसाद गौतम घाइते भएका छन् । उनको खुट्टा भाँचिएको छ । घाइते गौतमको निजगढ अस्पतालमा उपचार भइरहेको छ । मृतक तिवारीको शव शल्यपरीक्षणको लागि जिल्ला अस्पताल कलैया लगिएको बारा प्रहरीले जनाएको छ । दुर्घटनास्थलबाट प्रहरीले दुईवटा मोटरसाइकल, कार र ट्रकलाई नियन्त्रणमा लिएर इप्रका निजगढमा राखेको छ ।

# अस्पताललाई सहयोग

प्रस, वीरगंज, १५ जेठ/

सिप्रदीयन सहायता संस्थाले नारायणी अस्पताल वीरगंजलाई शय्यालगायतका सामान सहयोग गरेको छ ।

सिप्रदी कम्पनी वीरगंजका प्रबन्धक गोपाल आचार्यले २५ वटा शय्या, २५ थान तन्ना र २५ थान खोलसहितको तकिया अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा उदयनारायण सिंहलाई हस्तान्तरण गरेको सिप्रदीयन सहायता संस्थाका अबुलेस अन्सारीले बताए ।


अस्पताललाई सहयोग हस्तान्तरण गर्दै संस्थाका सदस्यहरू । तस्वीरः सौजन्य

# सामुदायिक वनका हेरालुहरूलाई जीवन बीमा

प्रस, ठोरी, १५ जेठ/

निर्मल–ठोरी मध्यवर्ती उपभोक्ता समिति अन्तर्गत रहेका सामुदायिक वनका हेरालुहरूको जीवन बीमा भएको छ ।

तराई भूपरिधि कार्यक्रम (ताल)को सहयोगमा निर्मल–ठोरी मध्यवर्ती उपभोक्ता समितिले वन हेरालुहरूको रु ५ लाखको जीवन बीमा गरेको हो ।

सामुदायिक वनको संरक्षण र हेरचाह गर्दा आइपर्ने सम्भावित जोखिम तथा कोरोना सङ्क्रमणको अवस्थालाई ध्यान दिएर वन हेरालुहरूको कोभिडसहितको जीवन बीमा गरिएको निर्मल–ठोरी मध्यवर्ती उपभोक्ता समितिका अध्यक्ष बालकुमार बस्नेतले बताए ।

चितवन राष्ट्रिय निकुञ्ज अन्तर्गत पर्ने पर्साको एकमात्र मध्यवर्ती उपभोक्ता समिति निर्मल–ठोरी मातहत सातवटा वन समूह छन् ।

प्रत्येक वन समूहको हेरचाह र संरक्षणमा खटिएका सातजनाको जीवन बीमा गरिएको अध्यक्ष बस्नेतले बताए ।

यस्तै, शनिवार निर्मल–ठोरी मध्यवर्ती उपभोक्ता समिति मातहतका सातवटै सामुदायिक वन हेरालुहरूलाई स्वास्थ्य र व्यक्तिगत सुरक्षा सामग्री पनि वितरण गरिएको छ ।

मध्यवर्ती उपभोक्ता समितिको कार्यालय ठोरी गापा–२ मा आयोजित कार्यक्रमबीच वन हेरालुहरूलाई प्राथमिक उपचार सामग्री, ट्र्याक सुट, झोला, जुत्ता र खाजा भत्ता वितरण गरिएको हो ।

कार्यक्रममा सरस्वती सामुदायिक वन समूहका अध्यक्ष कमलविक्रम तिमिल्सिना, वनशक्तिका अध्यक्ष विष्णु विष्ट, ओडारका अध्यक्ष तारा लामा, शिकारीवासका अध्यक्ष सूर्य थिङलगायतको सहभागिता थियो ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

## लगातारको वर्षा.....

विनियोजन गरेको थियो। गत वैशाखमा करीब २ साता खानेपानी बन्द गरेर मरम्मतको काम सम्पन्न गरेको भएपनि मुहानसम्म आउने पानीको कुलो नै अत्यधिक वर्षाले भत्काएको निर्मलबस्ती खानीपानी उपभोक्ता समितिका अध्यक्ष हस्तबहादुर पाख्रिनले बताए ।

अघिल्लो साता परेको झरीमा पनि सोही कुलो भत्किएको थियो । करीब २५ जनाले मर्मत गरेर पानी सञ्चालनमा ल्याएको भएपनि पुनः भत्किएको छ । निरन्तर पानी बगिरहने ठाउँ भएकोले जन श्रमदानबाट मात्र कुलो मरम्मत गर्न नसकिने अवस्था रहेको अध्यक्ष पाख्रिन बताउँछन् । खानेपानी मर्मत गर्न ठोरी गापाले जेसिबी प्रयोगको अनुमति दिएको भएपनि पर्सा राष्ट्रिय निकुञ्जसँग समन्वय गर्नुपर्ने भएकोले झन्झटिलो भएको उपभोक्ता समितिको भनाइ छ ।

निकुञ्जको कोर क्षेत्र भएकोले मानिस वा सवारीसाधन मुहानमा प्रवेश गर्न सबैको लागि निकुञ्जको अनिवार्य अनुमति चाहिन्छ। खानेपानीको मुहानमा कुनै समस्या आउने बित्तिकै स्थानीयले निकुञ्जको अनुमति लिएर मात्र प्रवेश पाउने गरेका छन् ।

सीमसार क्षेत्र रहेको उक्त पानीको मुहानमा हात्तीले पानीको पाइप भत्काइदिने गरेको छ। निकुञ्ज क्षेत्रभित्र सदाबहार रहिरहने पानीलाई कुलो बनाएर मुहानमा जम्मा गरिएको छ। त्यहाँबाट पाइपलाइनमार्फत नेपाली सेनाको निर्मलबस्ती पोस्टमा रहेको पानीटङ्कीमा जम्मा हुने पानी सोही टङ्कीबाट आएको पाइपमार्फत वडामा वितरण गर्ने गरिएको छ। स्थानीयले तीन दशकअघिदेखि प्रयोग गर्दै आइरहेको खानेपानीको संरचना पुरानो भएकोले पनि नियमितजसो खानेपानी अवरुद्ध हुन थालेको छ ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |

# खेलकूदको संसार

## भलिबलको बन्द प्रशिक्षणका लागि ३० खेलाडी छनोट

काठमाडौं, १५ जेठ/रासस

नेपाल भलिबल सङ्घले फिलिपिन्समा आयोजना हुने एशियन महिला भलिबल च्याम्पियनशिपका लागि ३० खेलाडी छनोट गरेको छ । सङ्घले प्रशिक्षणको जिम्मा जगदीशप्रसाद भट्टलाई सुम्पिने निर्णय गरेको छ ।

सङ्घका उपाध्यक्ष निरोज मास्के, प्रशिक्षक प्रज्वलबहादुर सिंह र महिला टोलीका पूर्वप्रशिक्षक भट्टको छनोट समितिले छनोट गरेको हो ।

बन्द प्रशिक्षणका लागि नेपाली सेनाको त्रिभुवन आर्मी क्लबबाट आठ, नेपाल प्रहरीको पुलिस क्लब, सशस्त्र प्रहरी बलको एपिएफ क्लब र न्यू डायमन्ड क्लबबाट सात/सात तथा भरतपुर मेट्रोबाट एउटा खेलाडी छनोट गरिएको नेपाल भलिबल सङ्घका महासचिव जीतेन्द्रबहादुर चन्दले जानकारी दिए ।

आर्मीबाट सुनीता खड्का, सोफिया पुन, शान्ति थारू, जानकी भण्डारी, सरस्वती जैसी, कृपा अधिकारी, सङ्गम महतो र सृष्टि खड्का, पुलिसबाट कमला पुन, उषा भण्डारी, पूनम चन्द, कामना विष्ट, लक्ष्मी चन्द, मनीषा चौधरी र शान्तिकला तामाङ, एपिएफबाट सरस्वती चौधरी, निरुता ठगुन्ना, हीरा केसी, उषाकुमारी विष्ट, पूजा चौधरी, रेश्मा भण्डारी र कविता भट्ट, न्यू डायमन्ड स्पोर्ट्स क्लबबाट प्रतिभा माली, अरुणा शाही, सलिन श्रेष्ठ, वाल्मीका आचार्य, झरना श्रेष्ठ, रीया कुँवर र रीमा कुँवर तथा भरतपुरबाट सरस्वती कट्टेललाई छनोट गरिएको छ ।

# लगातारको वर्षाले किसान दिक्क

महोत्तरी, १५ जेठ/रासस

लगातारको वर्षाले यहाँका किसान वाक्कदिक्क भएका छन् । बिहीवार अबेर साँझदेखि शुरू भएको वर्षा तेस्रो दिन शनिवार पनि नथामिएपछि किसान विरक्त भएका हुन् । खेतका गह्रा पानीले डम्म भरिएका छन् ।

भर्खरै एक साताअघिको वर्षापछि राखिएको बर्खे धान र कोदोको ब्याड पानीले डुबाएको छ । अघिल्लो वर्षाले लहलहाएका मकैका बोट बिहीवार साँझ वर्षा शुरू हुनुपूर्वको वेगले बहेको हुरीले सोतर बनाएर लडाएको छ। झमझम साउने झरीझैं पानी परिरहेपछि काममा निस्कन नपाएर किसान छट्पटिएका छन् ।

"एक साताअघि गोडेको मकै हुरीले लडाएर सोतर बनेको छ, हुरीले तरकारीका बेलापात चुँडाएर हुत्यायो, फलेका आँप बग्रेल्ती झार्‍यो, सहनै परेको छ," बर्दिबास नगरपालिका–५ गणन्ताका ८० वर्षीय धनबहादुर स्याङ्वा भन्छन्, "रोगको महामारी अहिले नै, प्रतिकूल वर्षा अहिले नै ! खै सबै हामीमाथि खनिएजस्तो छ, उठ्न नदिने भयो क्यार ?"

बर्खे धान र कोदो रोप्न ढिलो भइरहेको बेला ब्याड नै डुबेपछि बीउ गल्ने किसानको चिन्ता छ। सबैतिर पानी डम्म भरिएर काट्ने ठाउँ नहुँदा बीउ गल्ने चिन्ता बढेको भङ्गाहा–४ का किसान बहुरा महतो बताउँछन् । "पहिले राखेको ब्याड डुबेर गल्ने भयो, अब राख्दा ढिलो हुन्छ, ल भन्नोस् अब हामीले कसरी गरी खाने ?" महतोको अजङ्गको प्रश्न छ ।

लगातारको वर्षाले चरन क्षेत्र डुब्दा घरपालुवा जनावरको बिजोग भएको छ। लगातार गोठमा कोचिएर रहेका जनावर भोकले कराउँदा मन भक्कानिने गरेको भङ्गाहा–३ कटैयाका पशुपालक किसान रामराजी यादव बताउँछन् । लगातारको वर्षाले पशुवस्तुको आहारा जोहो गर्न नसक्दा बिजोग हेरेर बस्नुपरेको यादवको भनाइ छ ।

वर्षाले ग्रामीण सडक हिलाम्य भएका छन् । कैयौं ठाउँमा बस्ती डुब्न नदिन सडक काटेर पानी बगाउनुपरेको छ । सडक निर्माणताका नै पानीको निकास प्रबन्ध नगरिंदा अहिले सडकको दुरवस्था भएको ग्रामीण सर्वसाधारण बताउँछन् । कोभिड–१९ महाव्याधि छल्न गत वैशाख २२ गते जिल्ला प्रशासन कार्यालयले जारी गरेको निषेधाज्ञाको अवधि बढाएर यही जेठ २० गतेसम्म पुर्‍याइएको छ । व्याधिको प्रकोप झेलिरहेका सर्वसाधारण अहिलेको प्रतिकूल वर्षाले खेतीपाती गर्न नदिएपछि अबको गुजारा कसरी चलाउने भन्नेमा रनभुल्लमा परेका छन् ।

# राजसंस्था र हिन्दू राष्ट्रको माग

काठमाडौं, १५ जेठ/रासस

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का अध्यक्ष पशुपतिशम्शेर जबराले जनस्तरमा शाहवंशीय राजसंस्था र हिन्दू राष्ट्रको माग बढ्दो क्रममा रहेको जिकिर गरेका छन् ।

राप्रपाको ३१औं स्थापना दिवसका अवसरमा शुभकामना सन्देश जारी गर्दै अध्यक्ष राणाले राष्ट्रियता, प्रजातन्त्र र राष्ट्रिय एकता कायम राख्न नेपाल एकीकरण गर्ने शाहवंशीय राजसंस्था र सनातन हिन्दू राष्ट्रको आवश्यकतामा जोड दिएका हुन् । विधि, संविधान र लोकतन्त्रको अवमूल्यन भएको भन्दै राणाले चिन्ता प्रकट गरे ।

## अध्यादेशमार्फत बजेट प्रस्तुत....

निश्शुल्क सेनिटरी प्याड वितरण, एक विद्यालय : एक स्वास्थ्यकर्मी, थप १३ हजार विद्यालयमा स्काउट विस्तार, थप तीन नयाँ विश्वविद्यालय स्थापना, स्नातकमाथिका युवालाई अधिकतम पाँच प्रतिशत ब्याजमा रु पाँच लाखसम्मको सहुलियत ऋणजस्ता कार्यक्रम बजेटमा समावेश गरिएको छ ।

### एक हजार ६२९ मेगावाट बिजुली राष्ट्रिय प्रसारण प्रणालीमा जोडिने

आगामी आर्थिक वर्षभित्रमा सरकारी तथा निजी क्षेत्रले निर्माण गरिरहेका आयोजनाबाट एक हजार ६२९ मेगावाट बिजुली राष्ट्रिय प्रसारण प्रणालीमा जोडिने भएको छ। सरकारी लगानीमा निर्माणाधीन माथिल्लो तामाकोशी, रसुवागढी, राहुघाटलगायत आयोजना तथा निजी क्षेत्रले निर्माण गरिरहेका परियोजनाबाट उक्त परिमाणमा बिजुली जाडिनेछ ।

आगामी आर्थिक वर्षको बजेटमा सरकारी तथा निजी क्षेत्रले निर्माण गरिरहेका आयोजनालाई शीघ्र सम्पन्न गर्न प्रोत्साहित गर्ने उल्लेख छ । यस्तै, सरकारले अर्धजलाशय र जलाशययुक्त आयोजना निर्माणलाई समेत विशेष प्राथमिकतामा राखेको छ । आगामी आवभित्र ४३ जिल्लामा पूर्णरूपमा विद्युतीकरण गरी उज्यालो नेपाल निर्माणलाई एउटा निष्कर्षमा पुर्‍याउने विषयलाई बजेटले महत्त्वका साथ समावेश गरेको छ ।

सरकारले ऊर्जा क्षेत्रका लागि कुल रु एक खर्ब २१ अर्ब ९७ करोड बराबरको बजेट विनियोजन गरेको अर्थमन्त्री पौडेलले जानकारी दिए । ऊर्जा दक्षता कार्यक्रमलाई समावेश गरिएको छ भने विपन्न नागरिकको घरमा निश्शुल्करूपमा विद्युत् जडान गर्ने कार्यक्रम समेटिएको छ ।

### दुई वर्षभित्र सबै स्थानीय तह क्षयरोगमुक्त

सरकारले आगामी दुई वर्षभित्र सबै स्थानीय तहलाई क्षयरोगमुक्त घोषणा गरेको छ। आगामी आर्थिक वर्षको बजेट वक्तव्यमा मलेरिया, क्षयरोग, एड्स तथा एचआइभी र कुष्ठरोग नियन्त्रणका लागि रु एक खर्ब ४६ करोड विनियोजन गरिएको छ ।

कोभिड–१९ का सङ्क्रमितको रोकथाममा प्रत्यक्षरूपमा खटिने चिकित्सक, स्वास्थ्यकर्मी, सरसफाइकर्मी, कर्मचारी र सुरक्षाकर्मीलाई प्रदान गरिने जोखिम भत्तालाई निरन्तरता दिइएको छ ।

विपन्न नागरिकलाई मुटु, मिर्गौला, क्यान्सर, अल्जाइमर, मस्तिष्काघात, सिकसलेसलगायतका रोगमा निश्शुल्क औषधि उपचार गर्न रु दुई अर्ब ५० करोड विनियोजन गरिएको छ ।

चालू आवभित्र काठमाडौं उपत्यकामा ३०० शय्या र सातवटै प्रदेशमा ५० शय्याको सरुवा रोग अस्पताल सम्पन्न गर्नका लागि रु एक अर्ब ३० करोड विनियोजन गरिएको छ। सबै जिल्ला अस्पतालमा प्रसूति र नवजात शिशु स्याहार केन्द्र सञ्चालन ल्याइने उनको भनाइ रहेको छ ।

विराटनगर, वीरगंज, बुटवल र धनगढीका सबै सरकारी अस्पतालमा निस्सन्तान दम्पतीका लागि आइबिएस सेवा सञ्चालन गरिने बजेट वक्तव्यमा उल्लेख छ । यसैगरी, आर्थिक वर्षदेखि ३९७ स्थानीय तहमा निर्माण गर्न थालिएका अस्पताल दुई वर्षभित्र सम्पन्न गरिने, अस्पताल बन्न बाँकी स्थानीय तहमा आगामी आव २०७८/७९ मा बजेट विनियोजन गरिने उल्लेख छ। ती स्थानीय तहमा अस्पताल बनाउनका लागि रु ६ अर्ब १५ करोड विनियोजन गरिएको छ।

अर्थमन्त्री पौडेलले बालबालिकालाई १३ प्रकारका खोप लगाइ आगामी वर्ष पूर्ण खोपयुक्त मुलुक बनाउने घोषणा गरे । आगामी वर्ष छ लाख २० हजार बालबालिकालाई खोप सेवा उपलब्ध गराइने उल्लेख छ ।



## स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी

- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं । - फूटपाथमा जथाभावी पसल नराखौं । - मास्क र पञ्जा प्रयोग गरौं ।
- अनावश्यक भीडभाड नगरौं । - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं । - वन-वे, टु-वे नियम पालना गरौं । - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं । - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं ।

